# धर्मदेवी नगरपालिका
## जस्तापाता वितरण कार्यविधि २०७६

**प्रस्तावना :**

धर्मदेवी नगरपालिकालाई फुसको छानो मुक्त नगरपालिका वनाई समुन्नत नगरपालिका र नगरवासिलाई सुनिश्चित वासस्थानको प्रत्याभुति गराई आत्मनिर्भर बनाउन बाञ्छनीय भएकोले,नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले नगरपालिकालाई आवश्यक पर्ने स्थानीय कानुन वनाउन सक्ने प्रावधान भएकोले फुसको छानो लाई जस्तापाता वितरण गर्ने कार्यविधि निर्माण गरी नगर कार्यपालिकाबाट अनुमोदन गराई लागु गरिएको छ ।

## परिच्छेद – १
## परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम तथा प्रारम्भ**:यो कार्यविधिको नाम **"जस्तापाता वितरण कार्यविधि २०७६"** रहेको छ र यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

ख) "नगरपालिका" भन्नाले धर्मदेवी नगरपालिकालाई जनाउँछ ।

ग) "सभा" भन्नाले धर्मदेवी नगरपालिकाको नगर सभालाई जनाउँछ ।

घ) "कार्यपालिका" भन्नाले धर्मदेवी नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ ।

ङ) "व्यवसाय कर" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ को उपदफा (१) बमोजिम धर्मदेवी नगर-



पालिकाको क्षेत्रभित्र कुनै व्यक्तिको स्वामित्वमा रहेको उद्योग व्यापार व्यवसायलाई पूजिको आधारमा लगाइने करलाई जनाउँछ ।

च) "सम्पत्ति" भन्नाले कुनै व्यक्तिका नाममा नगरपालिका क्षेत्रभित्र रहेको जग्गा र त्यस्तो जग्गामा बनेको संरचनालाई जनाउँछ ।

छ) "संरचना" भन्नाले घर, टहरा, गोदाम, सेड, ग्यारेज, पर्खालजस्ता स्थायी निर्माणलाई जनाउँछ ।

ज) "सामुदायिक संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र गठन भई नगरपालिकामा सूचीकृत भएको समुदायमा आधारित संगठित संस्थालाई जनाउँछ ।

झ) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई जनाउँछ ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

ट) "मूल्यांकन समिति" भन्नाले व्यवसाय कर निर्धारण कर प्रयोजनका लागि गठित समितिलाई जनाउँछ ।

ठ) "फुसको छानो" भन्नाले टिन वाहेक अन्य सामाग्री प्रयोग गरि छाईएको छानोलाई जनाउँछ ।

ड) "लाभग्राही" भन्नाले नगरपालिका क्षेत्रभित्र व्यक्तिगत स्वामित्व भएका फुसको छानोको घर भई उक्त घरमा वसोवास गर्ने व्यक्तिलाई जनाउँछ ।

ढ) "स्वयं विवरण दाखिला" भन्नाले लाभग्राह आफैंले आ ्नो व्यवसायको यथार्थ विवरण खोली निर्धारित ढाँचामा नगरपालिकामा बुझाउने कार्यलाई जनाउँछ ।

ण) "स्थलगत सर्वेक्षण" भन्नाले नगरपालिकाद्वारा गठित कर्मचारी-को टोली वा नगरपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफल समेत गरी सूचना, तथ्याङ्कसंकलन गर्ने कार्यलाई जनाउँछ ।

त) "टोल विकास संगठन" भन्नाले समाज परिचालन प्रक्रिया मार्फत तोकिएको भौगोलिक क्षेत्रको टोल तथा समुदायको आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि एक परिवार एक सदस्यको अवधारणामा आधारित भई गठन र सञ्चालन भएको र नगरपालिकामा सूचीकृत भएको स्थानीय स्तरको संघ, संस्था र समूहलाई जनाउँछ ।

थ) "निजी क्षेत्र" भन्नाले स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यावसायिक व्यक्ति वा संगठित समूहलाई जनाउँछ ।

द) "सरोकारवाला" भन्नाले नगर कार्यपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति,व्यवसायि वा संस्थालाई जनाउँछ ।

ध) "सम्पत्ति धनी" भन्नाले नगरपालिका क्षेत्रभित्र वसोवास गरेको घरधनिको सम्पतिलाई जनाउँछ ।

## परिच्छेद - २
## फुसको छानो हटाई टिनको छानो लगाउने कार्यक्रम संचालन प्रकृया

**दफा २. सर्भेक्षण प्रक्रिया**

क. यस नगरपालिका क्षेत्र भित्र फुसको छानो भएका घरमा वसोवास गर्ने घर परिवारको तथ्यांक संकलन गरी वडा कार्यालय मार्फत वडा समितिले निर्णय गरि नगरपालिका कर्यालयमा पठाउने ।

ख. वडा कार्यालय मार्फत संकलन भएको तथ्यांकलाई नगर-पालिका कार्यालयले अभिलेख राखि नगरपालिकामा आवश्यक कागजात सहित नगरपालिकाले तय गरेको ढांचामा वडा कार्यालयमा आवेदन दिनुपर्नेछ ।

ग. रित पुर्वक आएका निवेदन उपर छानविन गरि प्रक्रिया पुगेका निवेदन उपर नगरपालिका कार्यालय बाट खटि गएको ईन्जिनियर सहितको टोलिबाट टिनको छाना लगाउन उपयुक्त भएको प्रमाणित कागजात भएको घरधुरि सर्भेक्षण तथा निस्सा नम्बर प्राप्त गरेको ।

**दफा ३. आवेदन फाराम साथ अन्य संलग्न कागजातहरू**

क. वडा समितिको निर्णको प्रतिलिपि ।

ख. नागरिकताको प्रतिलिपि ।

ग. जग्गा धनिपुर्जाको फोटोकपी तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपि ।

घ. जग्गा धनिपुर्जा नभएका घरधनि सम्बन्धित वडा कार्यालयको बसोवास प्रमाणित सिफारिस साथै पानि तथा विजुलिको विलको सक्कलै प्रति (यो नियम गुठीको हकमा मात्र लागु हुनेछ)

ङ. कुनै कारणले पुर्जा प्राप्त गर्न वांकी रहेको भए वडाध्यक्षको रोहवरमा सात जनाको सर्जमिन मुजुल्का

च. नगरपालिकाले वितरण गरेको घर नम्बरको निस्सा

छ. मतदाता परिचयपत्रको फोटोकपि

**दफा ४. लाभग्राहीमा पर्ने आधारहरू**

१. नगरपालकाको स्थायि वासिन्दा भएको हुनुपर्ने ।

२. नगरपलिका क्षेत्र भित्र एक वटा मात्र फुसको छाना भएको घर हुनुपर्ने

३. हालसम्म नगरपालिकामा बुभाउनु पर्ने सम्पुर्ण कर चुक्ता भएको हुनुपर्ने

४. गरिव घर पहिचान भएको हुनुपर्ने

**दफा ५. लाभग्राहीमा नपर्ने**

१. वसाईसराइ गरेको भए

२. दुई वटा घर भई एक वटामा टिनको छाना लगाईसकेको

३. घर धनिको मतदाता नामावली अन्यत्र भएको भए

४. नगरपालिका क्षेत्र वाहिर घर टिनको छानो वा पक्की घर नभएको घरधनिले स्व घोषण गरेको हुनुपर्ने

**दफा ६.छनोट सिमिति सम्बन्धि व्यवस्था**

१. लाभग्राहीको रूपमा छनोट भएका धरधनिहरूको छनोट गर्नको लागि तपशिल वमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| संयोजक | उप प्रमुख |
| सदस्य | सम्बन्धित वडाको वडाध्यक्ष |
| सदस्य | ईन्जिनियर |
| सदस्य | सव ईन्जिनियर |
| सदस्य | योजना शाखा प्रमुख |
| सदस्य | लेखा प्रमुख |
| सदस्य | संयोजकले नगरपालिका भित्र बाट तोकेको जनप्रतिनिधि वा कर्मचारी |

२. उक्त समितिले लाभग्राही छनोट गर्न बैठक वसेअनुरूप बैठक भत्ता यही कार्यक्रममा विनियोजन भएको रमकबाट खर्च गर्न सकिनेछ ।

**दफा.७ कर्मचारी तथा पारिश्रमिक सम्बन्धि व्यवस्था**

१. फुसको छानो हटाई टिनको छानो लगाउ कार्यक्रममा सर्भेक्षणमा खटिने वडाको कर्मचारी तथा जनप्रतिनिधि र छनोट प्रक्रियामा खटिने ईन्जिनियर तथा कर्मचारीहरूलाई उक्त कार्यक्रम बाटनै सेवा सुविधा उपलब्ध गराईनेछ ।

२. फुसको छानो हटाई टिनको छानो लगाउ कार्यक्रममा आवश्यक पर्ने कर्मचारी न.पा मा रहेको मौजुदा कर्मचारी खटाईने छ ,र अपुग रहेको जनशक्ति अन्य क्षेत्रबाट उक्त कार्य संचालनमा रहेसम्म दैनिक ज्यालादारिको रूपमा खटाई हाजिरि प्रमाणित गरि सेवा सुविधा उपलब्ध गराईनेछ ।

**दफा.८ वितरण प्रक्रिया**

१ बास्तविक लाभग्रहीको तथ्यांक संकलन भईसकेपछि नगरपालिकाले घरधनिले आवश्यक पर्ने काठ लगायतका सामाग्रीको काम सम्पन्न भएपछी घरको नाप अनुसारको टिन उपलब्ध गराउनेछ ।

२. घरमा टिन लगाउन तयारी भएको वडा तथा प्राविधिकको



सिफारिस भएपछि मात्र टिन उपलब्ध गराईनेछ ।

**दफा ९ खरिद प्रक्रिया**

१. सबै लाभग्राहीलाई एकै समयमा वितरण गर्नुपरेमा बोलपत्रद्धारा खरिद गरिनेछ,यदी सबै लाभग्राहीलाई एकै समयमा वितरण गर्न नसकिने अवस्था भएमा सार्वजनिक खरिद ऐनलाई अवलम्बन गरेर खरिद गरी वितरण गरिनेछ ।

२. कुनै आपतकालिन अवस्थामा घर धनिले आफुलाई आवश्यक पर्ने कति हो प्राविधिक मुल्यांकन गरी आफै खरिद गर्नु पर्ने अवस्था आएमा नगरपालिकामा रहेको खरिद समितिले निर्णय गरेअनुसार निजलाई रकम उपलब्ध हुनेछ ।

३. वडा कार्यालय मार्फत वितरण गर्ने पर्ने भएमा नगरकार्यपालिकाको निर्णयबाट उक्त प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

४. अन्य आवश्यक प्रक्रियाद्धारा वितरण गर्नु परेमा विधायन समितिले संशोधन प्रस्ताव कार्यपालिका समक्ष पेश गरि राजपत्रमा प्रकाशन गरि कार्यविधि संशोधन गरि लागु गर्न सकिनेछ ।

**दफा १० दण्ड जरिवाना हुन सक्ने**

१. यदी कसैले नक्कली लाभग्राहीको रूपमा सेवा सुविधा लिएका कानुन बमोजिम कारवाहि गरिनेछ ।

२. यदी कसैले वितरण गरेको टिन अन्य कुनै प्रयोजनमा प्रयोग गरेको पाईएमा निजलाई उक्त सामाग्री वरावरको दण्ड जरिवाना गरी निजले नगरपालिका बाट प्राप्त गर्ने सम्पुण सेवा सुविधा वन्द गरिनेछ ।

**दफा ११ अनुगमन प्रक्रिया**

१. टिन वितरण गर्नु पुर्व वा वितरण पछि कार्यक्रमको प्रभावकारिताको वारेमा अनुगमन कार्य तपशिल बमोजिमको समितिले गर्नेछ ।

संयोजक - नगर प्रमुख

सदस्य - सम्बन्धित वडाको वडाध्यक्ष
सदस्य - प्रमुख प्रशासकिय अधिकृत
सदस्य - ईन्जिनियर
सदस्य - योजना शाखा प्रमुख
सदस्य - प्रमुखले तोकेको १ जना अन्य प्रतिनिधी
सदस्य - संयोजकले नगरपालिका भित्र बाट तोकेको जनप्रतिनिधि

-०००-

धर्मदेवी नगरपालिका